# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, वैशाख १५ गते २०४३ साल (अतिरिक्ताङ्क ४ (क)

## भाग ३

### श्री ५ को सरकार
### उद्योग मन्त्रालयको सूचना

खण्ड ३६, मिति २०४३।१।१५, संख्या ३ को नेपाल राजपत्र भाग ३ को सूचना २ मा प्रकाशित यस मन्त्रालयको भन्सार महसूलसम्बन्धी सूचनामा देहायबमोजिम संशोधन गरिएको छ ।

१. क्रमसंख्या ११ को सट्टा देहायको क्रमसंख्या ११ राखिएको छ :–

११. जडान उद्योग "(औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १०(ख)(५) मा पर्ने जडान उद्योगले आफ्नै प्रयोगको लागि पैठारी गर्ने पार्टपूर्जा (कम्पोनेन्ट) मा पाउने भन्सार सुविधालाई कुनै असर पार्ने छैन) ।"

२. क्रमसंख्या १४ को सट्टा देहायको क्रमसंख्या १४ राखिएको छ :–

१४. कर्कटपाता ।

३. क्रमसंख्या २३ को सट्टा देहायको क्रमसंख्या २३ राखिएको छ :–

२३. जी. आई. पाइप (फलामको पाइप मात्र बनाउने समेत) ।

४. क्रमसंख्या २४ को सट्टा देहायको क्रमसंख्या २४ राखिएको छ :–

२४. एम. एस. वायर रडमा आधारित उद्योग ।

५. क्रमसंख्या २८ झिकिएको छ ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव

39

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
# अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी खण्ड ३६, मिति २०४३।१।१५, संख्या ३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित उद्योग मन्त्रालयको सूचना अनुसार प्रचलित भन्सार महसूल लाग्ने गरी तोकिएका उद्योगहरूले उद्योग विभाग वा घरेलु उद्योग विभागको सिफारिशमा आफ्नो उत्पादनको लागि आवश्यक पर्ने देहायका कोरा माल, सहायक कोरा माल तथा रासायनिक पदार्थ अन्य मुलुकबाट पैठारी गर्दा लाग्ने प्रचलित भन्सार दरबन्दीमा आंशिक छूट दिई देहायबमोजिम भन्सार दरबन्दी कायम गरेको र बिक्रीकर ऐन, २०२३ को दफा ८ क. ले दिएको अधिकार प्रयोग गरी उक्त कच्चा पदार्थहरूमा लाग्ने बिक्रीकर असूल उपर गर्ने प्रयोजनको लागि मूल्य कायम गर्दा भन्सारले कायम गरेको मूल्यमा उपरोक्तबमोजिम लागेको भन्सार महसूल जोडी हुन आउने मूल्य कायम गरेको छ ।

| संकेत नम्बर | कच्चा पदार्थ | समुद्रपारका मुलुकबाट आयात हुने औद्योगिक कच्चा पदार्थमा छूट रकम<br>आँशिक छूट पश्चात् लाग्ने दरबन्दी |
|---|---|---|
| ३९–०२ ख | प्राथमिक आकारमा पोलिथिन | १०% |
| ३९–०२ च | प्राथमिक रूपमा पोलिप्रोपोलिन | १०% |
| ७३–१३ ङ२ | ग्यालभनाइज्ड प्लेन सिट | ७.५% |
| ७३–१३ क | ब्ल्याक सिट | ५% |
| ८०–०३ | टीनका प्रभावित पाता | १००० प्र.ट. |
| ८३–१५ | इलेक्ट्रो रड | ५% |
| ४०–०८ (२) | टायर मर्मत गर्ने रबर | १०% |
| ७४–०३ | तामाको तार (नन् इन्सुलेटेड) | ५% |
| ७४–२ | तामाको तार | ५% |
| ७६–१२ | आलमोनियम तार | ५% |
| ७३–१८ (ख) | ब्ल्याक पाइप | ७.५% |
| ७३–१० (क) | एम.एस. वायर रड | १% |
| ५९–०८ | रेक्सीन कपडा | ७.५% |
| ३९–०३ (क) | (३) झिल्ली (सेलोफेन) | १०% |
| ३३–०४ (२) | इसेन्सहरू | १०% |
| २४–०१ (क) (ख) (ग) (घ) (ङ) | अप्रशोधित सुर्ति र सुर्तिको अवशेष | ५% |
| ३७–०२ | फिल्महरू नखोलिएको | ५% |
| २२–०२ | कन्सेन्ट्रेट एसेंस | १०% |

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।